# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, चैत्र ६ गते २०३२ साल [अतिरिक्ताङ्क ५७

### निर्वाचन आयोगको

### सूचना

निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ (संशोधनहरू सहित) को दफा ५ क. को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सेती, लुम्बिनी र [सग]रमाथा अञ्चलका देहायका तहका पञ्चायतहरूको निर्वाचनमा सम्बन्धित सम्मेदवारले देहायको हदसम्म खर्च गर्न पाउने गरी तोकिएंको छ ।

(१) गाउँ तथा नगर तहः– गाउँ तथा नगर तहको देहायको प्रत्येक पदको निर्वाचनमा बढीमा रू. १,०००।– एक हजारसम्म–

(१) गाउँ तथा नगर सभाको सदस्य पदमा

(२) गाउँ तथा नगर पञ्चायतको सदस्य पदमा

(३) गाउँ तथा नगर पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च पदमा ।

(२) जिल्ला तहः– जिल्ला तहको प्रत्येक पदको निर्वाचनमा बढीमा रू. ५,०००।– पाँच हजारसम्म–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नगर पञ्चायतबाट निर्वाचन हुने जिल्ला सभा सदस्य पदमा

(ख) जिल्ला पञ्चायतको सदस्य पदमा

(ग) जिल्ला पञ्चायतको सभापति, उप-सभापति पदमा।

(३) राष्ट्रिय पञ्चायतको सदस्य पदको निर्वाचनमा बढीमा रू. १०,०००।– दश हजारसम्म।

निर्वाचित उम्मेदवारले आफूले निर्वाचनमा गरेको खर्चको विवरण सो निर्वाचनको नतिजा घोषणाभएको मितिले १५ दिनभित्र निर्वाचन अधिकृत वा निजले तोकेको अधिकारीसमक्ष पेश गर्नु पर्नेछ।

आज्ञाले–
मीनबहादुर जोशी
सचिव
निर्वाचन आयोग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

258